नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०८०/०८१

चलानी नं.:- ४४१

मितिः २०८१/१/२१

ने.सं. ११४४ चौलागा १०

विषयः पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८० पठाईएको।

श्री स्थानीय तह (सबै)

पोषणमैत्री स्थानीय शासनको अवलम्बन गर्दै स्वस्थ, समृद्ध, बौद्धिक र सभ्य मानव पुँजीको निर्माणको लागि अभियानमूलक कार्यक्रम सञ्चालनार्थ परिमार्जित **'पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८०'** यस मन्त्रालयको मिति २०८०/१२/१२ को निर्णयानुसार स्वीकृत (मा.मन्त्रीस्तर) भएको छ। तहाँ गाउँ/नगरपालिकामा पोषणमैत्री स्थानीय शासनको अवधारणा कार्यान्वयनमा सहजीकरणको लागि स्वीकृत कार्यविधिको विद्युतीय प्रति यसैसाथ संलग्न राखि कार्यान्वयनको लागि पठाइएको छ। पोषण सुधारको राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिवद्धता अनुसार पोषणमैत्री स्थानीय शासन अवलम्बन गरी कार्य हुने अपेक्षा गरिएको छ ।

१/२१

दीप्रेश कट्टेल

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः वेवसाईटमा राख्ने तथा सबै स्थानीय तहमा ईमेल मार्फत योजनाको विद्युतीय प्रति पठाईदिनु हुन ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०।१२। १२ को निर्णयबाट (मा. मन्त्रीस्तरिय) स्वीकृत

# पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८०

**प्रस्तावनाः** नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण योजना तेस्रोको कुपोषणको अन्त्य, मानवपुँजी निर्माण र समग्र आर्थिक सामाजिक विकास गर्ने दीर्घकालीन सोच पुरा गर्न, मानव जीवनचक्रमा पोषणको अवस्था सुधारको लागि पोषण विशेष तथा पोषण संवेदनशील सेवाको उपलब्धता र गुणस्तर सुधार तथा समतामूलक पहुँच र उपभोगको सुनिश्चितता गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड (झ) को सि. नं. १२ बमोजिमको महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन सम्बन्धी स्थानीय तहको अधिकार अनुसारको कार्यलाई सहजीकरण गर्दै पोषणमैत्री स्थानीय शासनलाई संस्थागत गर्न वाञ्छनीय भएकोले मन्त्रालयबाट **"पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८०"** तर्जुमा गरी लागु गरिएको छ।

## परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "अभियन्ता" भन्नाले स्थानीय, प्रदेश तथा राष्ट्रिय तहमा पोषण अभिवृद्धि तथा योजना तर्जुमा प्रकृयामा पोषणलाई प्राथमिकता दिने विषयमा बहस, पैरबी गर्ने स्वयंसेवी व्यक्तिलाई सम्झनु पर्दछ।

(२) "कार्यपालिका" भन्नाले नेपालको संविधानको धारा २१५ बमोजिम गठन भएका गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्छ।

(३) "जिल्ला स्तरीय अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १० को उपदफा

(४) अनुसारको जिल्ला स्तरीय अनुगमन समितिलाई सम्झनु पर्छ।

(५) "जिल्ला समन्वय समिति" भन्नाले नेपालको संविधानको धारा २२० बमोजिम स्थापना भएको जिल्ला समन्वय समिति सम्झनु पर्छ।

(६) "प्रदेशस्तरीय अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १० को उपदफा (४) अनुसारको प्रदेशस्तरीय अनुगमन समितिलाई सम्झनु पर्छ।

सह-सचिव

(७) "प्रदेश सम्पर्क मन्त्रालय" भन्नाले प्रदेशको कार्य विभाजन नियमावली अनुसार स्थानीय तहको सम्पर्क मन्त्रालयको रुपमा काम गर्ने प्रदेश मन्त्रालयलाई सम्झनु पर्छ।

(८) "प्रदेश क्षेत्रगत मन्त्रालय" भन्नाले प्रदेशको कार्य विभाजन नियमावली अनुसार कृषि, पशुपन्क्षी, खानेपानी, स्वास्थ्य, सरसफाइ, महिला, बालबालिका, शिक्षा क्षेत्र हेर्ने गरी कार्यक्षेत्र तोकिएको प्रदेश मन्त्रालय सम्झनु पर्छ।

(९) "पोषणमैत्री वडा" भन्नाले यस रणनीति बमोजिम तोकिएका सूचक हासिल गरी पोषण मैत्री वडा भनी घोषणा गरिएका स्थानीय तहका वडालाई सम्झनु पर्छ।

(१०) "पोषणमैत्री स्थानीय तह" भन्नाले यस रणनीति बमोजिम तोकिएका सूचक हासिल गरी पोषण मैत्री स्थानीय तह भनी घोषणा गरिएको स्थानीय तहलाई सम्झनु पर्छ।

(११) "पोषणमैत्री स्थानीय शासन" भन्नाले पोषण विशेष तथा पोषण संवेदनशील सेवाको उपलब्धता र गुणस्तर सुधार गरी उक्त सेवाहरूमा समतामूलक पहुँच र उपभोगको सुनिश्चितताको लागि स्थानीय सरकारको शासकीय अभ्यासमा आबद्ध गर्ने बहुक्षेत्रीय अभ्यासलाई सम्झनु पर्छ।

(१२) "योजना" भन्नाले बहुक्षेत्रीय पोषण योजना तेस्रो (२०८०।०८१-२०८७।०८८) लाई सम्झनु पर्छ।

(१३) "विकास साझेदार" भन्नाले द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायहरु, संयुक्त राष्ट्रसंघीय निकायहरु र पोषणको क्षेत्रमा लगानी गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु सम्झनु पर्छ।

(१४) "विषयक्षेत्रगत मन्त्रालय" भन्नाले नेपाल सरकार कार्य विभाजन नियमावली अनुसार कृषि, पशुपन्क्षी, खानेपानी, स्वास्थ्य, सरसफाइ, महिला, बालबालिका, शिक्षा क्षेत्र हेर्ने संघीय मन्त्रालय सम्झनु पर्छ।

(१५) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(१६) "सामुदायिक संघ संस्था" भन्नाले स्थानीय कानून बमोजिम स्थापना भएका सामुदायिक संघसंस्थालाई सम्झनु पर्छ।

(१७) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिमका गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ।

सह-सचिव